म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १३२ आइतबार, १३ पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 28 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चैनपुर जेसीज मनहरी अध्यक्षमा गौतम

हेटौंडा, १२ पुस/युवाको नेतृत्व र व्यक्तित्व विकाससँगै सामाजिक कार्य गर्ने उद्येश्यले स्थापित चैनपुर जेसीज मनहरीको २०२६ को अध्यक्षमा सुरेश गौतम चयन भएका छन् । शनिबार भएको जेसीजको तेस्रो साधारण सभा तथा अधिवेशनले गौतमको नेतृत्वमा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको हो । अध्यक्षमा गौतमसँगै श्रीराम खड्काले पनि उम्मेदवारी दिएकोमा सहमतिका लागि खड्काले उम्मेदवारी फिर्ता लिएपछि गौतम सर्वसम्मत अध्यक्ष चयन भएका हुन् । जेसीजको कार्यकारिणी उपाध्यक्षमा नवराज रिजाल र राजु सुवेदी तथा उपाध्यक्षमा मनोज चौलागाईं, सुरज ढुंगाना, पुष्कर रेग्मी र सन्तोष ढकाल चयन भएको निर्वाचन आयुक्त रविन ढकालले जानकारी दिए । चैनपुर जेसीज मनहरीका अध्यक्ष कृष्णप्रसाद ढकालको अध्यक्षतामा भएको साधारणसभामा संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारी, निवर्तमान अध्यक्ष रविन ढकाल लगायतको आतिथ्यता रहेको थियो । उम्मेदवारलाई नेपाल जेसीजका कार्यकारिणी उपाध्यक्ष स्वप्ना पौडेल भण्डारी र पर्सा खैरहनी जेसीजका संस्थापक अध्यक्ष केशव पाठकले तालिम प्रदान गरेका थिए । मकवानपुरको पश्चिमी क्षेत्रका युवालाई समेट्दै युवाको नेतृत्व र व्यक्तित्व विकाससँगै सामाजिक कार्य गर्ने उद्देश्यका साथ सन् २०२२ मा गणेशदर्पणको नेतृत्वमा यो जेसीज स्थापना भएको हो ।

### यसवर्ष बागमती प्रदेशमा धानबाली उत्पादनमा सामान्य वृद्धि

# चार लाख ५१ हजार मेट्रिकटन धान उत्पादन

साझाकुरा संवाददाता

हेटौंडा, १२ पुस/ बागमती प्रदेशका जिल्लामा यसवर्ष धानबाली उत्पादनमा सामान्य वृद्धि भएको छ । बागमती प्रदेश कृषि विकास निर्देशनालयका अनुसार बागमती प्रदेशका जिल्लामा अघिल्लो वर्षको तुलनामा यसवर्ष धान उत्पादनमा शून्य दशमलव २५ प्रतिशतले वृद्धि भएको हो ।



अघिल्लो वर्षको तुलनामा यसवर्ष बाढीपहिरोको प्रभाव कम परेको र रोगकीराको प्रकोप पनि कम भएकाले धान उत्पादनमा वृद्धि भएको बागमती प्रदेशको कृषि विकास निर्देशानलयका सूचनाअधिकारी तथा कृषि अर्थविज्ञ नवीन कुँवरले जानकारी दिएका छन् । सूचना अधिकारी कुँवरकाअनुसार बागमती प्रदेशमा चालु आर्थिक वर्ष २०८२/८३ मा कूल एक लाख आठ हजार ८२० हेक्टर क्षेत्रफलमा धानबाली लगाइएकामा प्रतिहेक्टर ४ दशमलव १५ मेट्रिकटनका दरले चार लाख ५१ हजार ७८ मेट्रिकटन धान उत्पादन भएको छ ।

अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा कूल एक लाख पाँच हजार ४१५ हेक्टर क्षेत्रफलमा धानबाली लगाइएकोमा प्रतिहेक्टर तीन दशमलव ८७ मेट्रिकटनका दरले चार लाख आठ हजार ३१६ मेट्रिकटन धान उत्पादन भएको थियो । यस्तै आर्थिक वर्ष २०८०/८१ मा एक लाख नौ हजार १५१ हेक्टर क्षेत्रफलमा धानबाली लगाइएकामा चार लाख १३ हजार ९८८ मेट्रिकटन धान उत्पादन भएको थियो । सूचनाअधिकारी कुँवरका अनुसार बागमती प्रदेशको सबैभन्दा बढी धानखेती हुने चितवनमा यसवर्ष २७ हजार ३२५ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर चार दशमलव ९६ मेट्रिकटनका दरले एक लाख ३५ हजार ५३२ मेट्रिकटन धान उत्पादन भएको छ ।

यस्तै नुवाकोटमा ११ हजार ६१५ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर चार दशमलव १३ प्रतिशतका दरले ४७ हजार ९७८ मेट्रिकटन र धादिङमा ११ हजार १५९ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर चार दशमलव २३ प्रतिशतका दरले ४७ हजार २०३ मेट्रिकटन धान यसवर्ष उत्पादन भएको उनले बताए । उपत्यकाको काठमाडौंमा यसवर्ष तीन हजार ६०० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर चार दशमलव ९८ प्रतिशतका दरले १७ हजार ९२८ मेट्रिकटन, ललितपुरमा चार हजार १२८ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर चार दशमलव ७८ प्रतिशतका दरले १९ हजार सात सय ३२ मेट्रिकटन र भक्तपुरमा दुई हजार ६९७ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर पाँच दशमलव ५३ प्रतिशतका दरले १४ हजार ९१४ मेट्रिकटन धान उत्पादन भएको सूचना अधिकारी कुँवरले बताए ।

यसवर्ष मकवानपुरमा आठ हजार ४९३ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव ८८ प्रतिशतका दरले ३२ हजार नौ सय ५१ मेट्रिकटन, सिन्धुलीमा १२ हजार ३८५ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव ७६ प्रतिशतका दरले ४६ हजार ५६८ मेट्रिकटन, काभ्रेमा आठ हजार १९८ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर चार दशमलव २१ प्रतिशतका दरले ३४ हजार ५१४ मेट्रिकटन, रामेछापमा सात हजार ४६६ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर दुई दशमलव ६९ प्रतिशतका दरले २० हजार ८४ मेट्रिकटन र सिन्धुपाल्चोकमा सात हजार ९०० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव ०३ प्रतिशतका दरले २३ हजार ९३७ मेट्रिकटन धान उत्पादन भएको जनाएको छ ।

दोलखामा दुई हजार ७५८ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर दुई दशमलव ६५ प्रतिशतका दरले सात हजार ३०८ मेट्रिकटन र रसुवा जिल्लामा एक हजार ९५ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर दुई दशमलव २२ प्रतिशतका दरले दुई हजार ४३१ मेट्रिकटन धान उत्पादन भएको उनले जानकारी दिए । समयमा वर्षा र रोगकीराको प्रकोप कम भएकाले यसवर्ष धान उत्पादन दर बढेको सूचना अधिकारी कुँवरको भनाइ छ । अघिल्लो वर्ष २०८१ असोज ११ र १२ को वर्षा र बाढीपहिरोका कारण धानबालीमा क्षति पुगेकाले अघिल्लो वर्ष धान उत्पादनमा एक दशमलव ३७ प्रतिशतले ह्रास आएको थियो ।

### मोवाइल एप डागाची सञ्चालनमा

# सूचना प्राप्तिमा देखिँदै आएको समस्या समाधान हुने विश्वास




साझाकुरा संवाददाता

हेटौंडा, १२ पुस/ कोरियामा बसोबास गर्ने नेपालीसहित विदेशी नागरिकलाई लक्षित गर्दै विकसित गरिएको एआई आधारित बहुभाषिक मोवाइल एप डागाची सञ्चालनमा आएको छ ।

लञ्च भएको छोटो समयमै एप ५० हजारभन्दा बढी पटक डाउनलोड भइसकेको डेभलपर टिमले जनाएको छ । शनिबार एपबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा डेभलपर टिमका सदस्य माधव सापकोटाले भाषागत अवरोधका कारण सूचना प्राप्तिमा देखिँदै आएको समस्या समाधान गर्नु एपको मुख्य उद्देश्य रहेको बताए । डागाची एप विशेषगरी कोरियामा रहेका विदेशी नागरिकका लागि विश्वासिलो सूचनाको स्रोतकारुपमा विकास गरिएको उनको भनाई रहेको छ ।

हाल डागाची एपमार्फत नेपालीसहित १६ भन्दा बढी भाषामा सेवा उपलब्ध छ । एपमा श्रम, भिसा, स्वास्थ्य सेवा, कानुनी प्रक्रिया, विश्वविद्यालय भर्ना, रोजगारी, आवास तथा दैनिकजीवनसँग सम्बन्धित व्यवहारिक जानकारी एआई प्रविधिको सहायताले सरल र बुझिने शैलीमा प्रस्तुत गरिएको बताइएको छ । आपतकालीन अवस्थामा आवश्यक सम्पर्क नम्बर र निर्देशन समेत एपमार्फत प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । डेभलपर सापकोटाका अनुसार कोरियामा अध्ययन, रोजगारी वा अन्य प्रयोजनका लागि जाने विद्यार्थी तथा नवआगन्तुकका लागि यो एप विशेष उपयोगी हुनेछ । एपले नेपालको पर्यटन उद्योगलाई प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ ।

डागाची एपलाई केवल सूचना दिने माध्यममा सीमित नराखी विदेशी नागरिकका लागि दीर्घकालीन डिजिटल सहायककारुपमा विकास गर्ने लक्ष्य रहेको टिमले जनाएको छ । नेपालमा रहेका विदेशी नागरिकले पनि नेपालको समाज, सेवा, स्वास्थ्य, कानुन तथा आर्थिक गतिविधिबारे आफ्नै मातृभाषामा जानकारी लिनसक्ने गरी एप विस्तार गरिएको बताइएको छ । डागाची एपमार्फत उद्यमशील नेपालीले आफ्ना सेवा, उत्पादन तथा व्यावसायिक अवसरलाई अन्तर्राष्ट्रिय बजारसम्म प्रवर्द्धन गर्न सक्ने अवसर पाउने दाबी गरिएको छ ।

एप विद्यार्थी, सञ्चारकर्मी, पर्यटन व्यवसायी, रोजगारदाता, रोजगारी खोज्ने व्यक्ति तथा सर्वसाधारण सबैका लागि उपयोगी डिजिटल प्लेटफर्मका रुपमा विकास हुँदै गएको डेभलपर टिमको भनाइ छ । आगामी दिनमा थप नयाँ फिचर समावेश गरिने, एमओयू भएका संस्थालाई भेरिफिकेसन ब्याज र सब्सक्रिप्सन सेवा कार्यान्वयनमा ल्याइएको बताइएको छ । सञ्चारकर्मीका लागि कोरियालगायत विभिन्न मुलुकका प्रमुख समाचार र सन्दर्भसामग्री नेपाली भाषामा उपलब्ध गराउने व्यवस्था गरिएको जानकारी पनि दिइएको छ ।

पत्रकार सम्मेलनमा नेपाल पत्रकार महासंघ बागमती प्रदेश उपाध्यक्ष हरि हुमागाई, जिल्ला अध्यक्ष बालकृष्ण अधिकारीलगायत विभिन्न संचारमाध्यमका पत्रकारको उपस्थित रहेको थियो ।

## जेसीआई हेटौंडा, पराजुलीको प्यानल नै नेतृत्वमा

साझाकुरा संवाददाता

हेटौंडा, १२ पुस/ जेसीआई हेटौंडा वर्ष २०२६ को नेतृत्वका लागि भएको निर्वाचनमा सन्तोष पराजुली अध्यक्ष पदमा विजयी भएका छन् ।

शनिबार हेटौंडामा सम्पन्न शाखाको अधिवेशनमा आफ्ना प्रतिस्पर्धी जीवन ढकाललाई पराजित गर्दै पराजुली विजयी भएका हुन् । कुल १ सय ८७ मत खसेको निर्वाचनमा पराजुलीले १ सय ७ मत प्राप्त गरे भने उनका निकटतम प्रतिस्पर्धी ढकालले ७८ मत ल्याए । खसेको मतमध्ये २ मत बदर भएको निर्वाचन समितिले जनाएको छ । अध्यक्षसँगै पराजुलीको प्यानल नै नेतृत्वमा आएको छ । उनको प्यानलबाट कार्यकारिणी उपाध्यक्षका उम्मेदवार संजयकुमार न्यौपाने र विपिन ताम्राकारसहित उपाध्यक्षका उम्मेदवार विवेक बानियाँ, अशोक सिंह, विनोद वाग्ले र सृजनराज बज्राचार्य निर्विरोध निर्वाचित भएका छन् ।

विजयी भएपछि नवनिर्वाचित अध्यक्ष पराजुलीले जेसीआईको मर्म अनुसार युवाको व्यक्तित्व र नेतृत्व विकासमा केन्द्रित भएर काम गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले जेसीआई हेटौंडालाई थप उचाइमा पुऱ्याउन सबै पक्षलाई समेटेर अघि बढ्ने बताएका छन् । जेसीआई हेटौंडा युवाको नेतृत्व तथा व्यक्तित्व विकासमा सक्रिय संस्था हो, जहाँ हरेक वर्ष लोकतान्त्रिक पद्धतिबाट नयाँ नेतृत्व चयन गर्ने परम्परा रहेको छ ।




# रानी सामुदायिक वनको साधारणसभा सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, १२ पुस/ सर्वमान्य गणेशमान सिंह वन संरक्षण प्रथम पुरस्कार २०५७ बाट सम्मानित रानी सामुदायिक वन उपभोक्ता समूह चौघडाको २९ औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ ।

हेटौंडा उपमहानगर पालिका उपप्रमुख राजेश बानियाँको प्रमुखआतिथ्यता एवम् समूहका अध्यक्ष केशव धितालको सभाध्यक्षतामा साधारणसभा भएको हो । साधारण सभामा समूहका अध्यक्ष धितालले संस्थागत प्रतिवेदन, सचिव अमुना सापकोटाले प्रगति प्रतिवेदन, कोषाध्यक्ष गोमा लामिछानेले आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन र चालू आव २०८२/८३ को लागि ७२ लाख २९ हजारको अनुमानित आयब्यय विवरण र लेखा समिति संयोजक राजकुमार फुँयालले लेखा समितिको प्रतिवेदन पेश गरेका थिए ।

साधारणसभामा ज्येष्ठ सदस्य ठूलीमाया पाख्रिन, पूर्णबहादुर राई, निवर्तमान अध्यक्ष विष्णुप्रसाद न्यौपाने, निर्वाचन समिति संयोजक अर्जुनप्रसाद चौलागाई, सदस्य रामहरि चौलागाई, साधुराम चौलागाई, वनअधिकृत हेमकुमार पाठकलाई सम्मानित गरिएको थियो । सञ्चारकर्मी मनोज देवकोटा, विद्यार्थी सौरभ सापकोटा र अनुष्का हुमागाई लगायत पुरस्कृत गरिएको थियो । साधारण सभामा हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, मक्वानपुरगढी-३ का वडाअध्यक्ष भागवत घिमिरे, हेटौंडा-६ का वडासदस्य विजय पौडेल, हेटौंडा-६ का निवर्तमान अध्यक्ष अर्जुनप्रसाद चौलागाई, सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्य रामहरि चौलागाई, जिल्ला अध्यक्ष साधुराम चौलागाई, स्थानीय महासंघ हेटौडाका अध्यक्ष शम्भुप्रसाद न्यौपानेको आतिथ्यता थियो ।

सब डिभिजन वन कार्यालय, हेटौंडाका वनअधिकृत बच्चुराम सुवेदी, चुच्चेखोला सामुदायिक वनका अध्यक्ष लक्ष्मण कटुवाल, न्यूरेनी चिसापानी वनका अध्यक्ष प्रकाश कार्की, चित्रेपानी सामुदायिक वनका अध्यक्ष भानुप्रताप बिडारी, जनकल्याण सहकारीका अध्यक्ष हिमाल पौडेल, कामधेनु सहकारीका अध्यक्ष उदय बिडारी लगायतको आतिथ्यता रहेको थियो । १ सय ३८ हेक्टर क्षेत्रफलमा फैलिएको यो सामुदायिक वनमा ८ सय ५० घरधुरी आवद्ध रहेका छन । साधारण सभाले विभिन्न १४ वटा प्रस्ताव सर्वसम्मत पारित गरेको समूहका कार्यालय सचिव भीमसेन पौडेलले बताए ।

# संस्थागत निर्णय उल्लंघन गर्नेहरु समीक्षाबाट भाग्न सक्दैनन्: उपाध्यक्ष लामा

साझाकुरा संवाददाता

हेटौंडा, १२ पुस/नेकपा एमाले मकवानपुर जिल्ला कमिटीका उपाध्यक्ष हिदम लामाले पार्टीका संस्थागत निर्णयभन्दा दायाँबायाँ हिँड्ने प्रवृत्तिविरुद्ध कडा चेतावनी दिएका छन् ।

नेकपा एमालेको ११औं महाधिवेशनबाट हालै निर्वाचित केन्द्रीय सदस्यलाई बधाइ तथा शुभकामना दिन नेकपा एमाले मकवानपुरले आयोजना गरेको कार्यक्रममा, भीमफेदी गाउँपालिका अध्यक्षसमेत रहेका उपाध्यक्ष लामाले यस्तो चेतावनी दिएका हुन् । उनले पार्टी अनुशासन, निर्णय कार्यान्वयन र राजनीतिक जिम्मेवारीबाट कोही पनि माथि नरहेको स्पष्ट पार्दै गुटगत स्वार्थ, व्यक्तिगत महत्वाकांक्षा र जनचाहनाविपरीतका गतिविधिले एमालेको भविष्य कमजोर बनाउने बताए । अहिलेको कमिटीले जनताको अपेक्षाअनुसार काम गर्न नसके एमालेको अस्तित्व नै संकटमा पर्ने उनको भनाइ थियो ।



उपाध्यक्ष लामाले कमजोरी भए आफ्नो पनि आत्म समीक्षा गर्न अनुरोध गर्दै वैचारिक स्पष्टताविना पार्टी बलियो बन्न नसक्ने दाबी गरे । लामाले विगतको निर्वाचन परिणामतर्फ संकेत गर्दै सीमित स्रोत, आन्तरिक कमजोरी र प्रतिकूल परिस्थितिका बाबजुद नेकपा एमाले एक्लै अन्य सबै दलसँग चुनावी मैदानमा उत्रिँदा पनि मकवानपुरबाट एक प्रतिनिधिसभा, एक प्रदेशसभा र दुई स्थानीय तह जित्न सफल भएको स्मरण गराए । अहिले पनि कुनै गुट, व्यक्ति वा स्वार्थ नहेरी नेकपा एमालेको झण्डामुनि एकताबद्ध भएर चुनावमा उत्रिए एमालेसँग प्रतिस्पर्धा गर्ने हैसियत कसैको नभएको ठोकुवा गरे ।

कार्यक्रममा हालै सम्पन्न महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित महेश बर्तौला, एकालाल श्रेष्ठ, भारती पाठक तथा लेखा आयोग सदस्य नवीन सिग्देललाई औपचारिकरुपमा बधाइ तथा शुभकामना प्रदान गरिएको थियो । नेकपा एमाले मकवानपुर जिल्ला कमिटीले आयोजना गरेको बधाइ तथा शुभकामना कार्यक्रममा जिल्ला कमिटीका पदाधिकारी तथा कार्यसमिति सदस्य, प्रदेश कमिटीका सदस्य तथा पालिका कमिटीका पदाधिकारी र कार्यसमिति सदस्यको उपस्थिति रहेको थियो । नवनिर्वाचित केन्द्रीय सदस्यले पार्टीलाई गुटमुक्त, अनुशासित र जनमुखी बनाउँदै आगामी राजनीतिक संघर्षमा निर्णायक भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरे ।

साझाकुरा

## हाम्रो कुरा

# सुरक्षा मापदण्ड यथावत्

विद्युत प्रसारण लाइनको राइट अफ वेमा निश्चितक्षेत्र पर्ने तर, पूरै क्षेत्रको कित्ताकाट नहुँदा जग्गाधनीलाई कित्ताकाट, नामसारी, बैंक तथा वित्तीय संस्थामा धितो राख्न नपाउँदा आर्थिक तथा समाजिक समस्या पर्दै आएको थियो । सरकारले विद्युतीय प्रसारण लाइनको तारमुनि पर्ने जग्गाको क्षेत्रको कित्ताकाट गर्न पाउने व्यवस्था गरेको छ । भूउपयोग नियमावली, २०७९ को तेस्रो संशोधनमार्फत प्रसारण लाइनको मार्गाधिकार (राइट अफ वे)मा पर्ने जग्गाको क्षेत्रको स्वामित्व सम्बन्धित जग्गाधनीकै नाममा रहने गरी कित्ताकाट गर्न सकिने नयाँ व्यवस्था गरिएको हो । प्रसारण लाइन निर्माणमा देखिएको समस्या समाधान गर्न गरिएको यो व्यवस्था गत कार्तिक २७ गतेको राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आइसकेको छ । नयाँ व्यवस्थाअनुसार प्रसारण लाइनमुनिको जग्गा कित्ताकाट गर्न पाइने भएपनि सुरक्षाका मापदण्ड भने यथावत् रहनेछन् । प्रसारण लाइनको राइट अफ वेमा पर्ने जग्गाको क्षेत्रभित्र घरलगायतका संरचना निर्माण, अग्ला रुख रोप्न वा जोखिमयुक्त गतिविधि गर्न भने पाइँदैन । प्रसारण लाइन निर्माण तथा सञ्चालनका क्रममा लाइनको सुरक्षित सञ्चालन, मर्मतसम्भार र सार्वजनिक सुरक्षालाई ध्यानमा राखी लाइनको केन्द्रबाट दायाँ र बायाँ दुवैतर्फ निश्चित दूरीसम्मको क्षेत्रलाई राइट अफ वे तोकिएको हुन्छ ।

राइट अफ वेको चौडाइ प्रसारण लाइनको भोल्टेज स्तर, टावरको उचाइ, तारको झुन्डिने अवस्था (स्याग) तथा प्राविधिक मापदण्डका आधारमा निर्धारण गरिन्छ । ६६ तथा १३२ केभी प्रसारण लाइनका लागि तारको केन्द्रबाट दायाँबायाँ ९/९ मिटर गरी १८ मिटर, २२० केभी प्रसारण लाइनको १५/१५ गरी ३० मिटर र ४०० केभीको २३/२३ गरी ४६ मिटर राइट अफ वे रहने व्यवस्था छ । प्रसारण लाइन निर्माण गर्दा टावर प्याड रहने ठाउँको जग्गा मुआब्जा रकम दिएर अधिग्रहण गरिन्छ । अर्थात जग्गाको स्वामित्व आयोजनाको नाममा रहन्छ । तर, राइट अफ वेमा भने जग्गाको स्वामित्व सम्बन्धित जग्गाधनीकै नाममा रहने गरी निश्चित प्रतिशत क्षतिपूर्ति दिइन्छ । हाल राइट अफ वेमा पर्ने जग्गाको मूल्यांकन गरिएको रकमको १० देखि २५ प्रतिशतसम्म क्षतिपूर्ति सम्बन्धित जग्गाधनीलाई दिँदै आएको छ । सम्बन्धित आयोजनाबाट जग्गा प्राप्तिको निर्णय र क्षतिपूर्ति प्रदान गरिएको प्रमाणसहित लेखी आएमा जग्गाको स्वामित्व सम्बन्धित जग्गाधनीकै नाममा कायम रहने गरी कित्ताकाट गर्न सकिने व्यवस्था गरिएको हो । सम्बन्धित जग्गाधनीलाई क्षतिपूर्ति दिई त्यस्तो जग्गामा परेको विद्युतीय प्रसारण लाइनको राइट अफ वे क्षेत्रको कित्ताकाट गरिदिन प्रचलित कानुन बमोजिम सम्बन्धित आयोजनाबाट जग्गा प्राप्तिको निर्णय र क्षतिपूर्ति प्रदान गरिएको प्रमाणसहित लेखी आएमा जग्गाको स्वामित्व सम्बन्धित जग्गाधनीकै नाममा कायम रहने गरी कित्ताकाट गर्न सकिने भूउपयोग नियमावलीमा उल्लेख छ । राइट अफ वेमा पर्ने जग्गाको क्षेत्रलाई कित्ताकाट गर्न सकिने हुँदा जग्गाको कारोबार सहज हुने र जग्गाधनीले आफ्नो सम्पत्तिको कानुनी उपयोग गर्न पाउने देखिएको छ । विशेषगरी सहरी तथा अर्धसहरी क्षेत्रमा प्रसारण लाइनको राइट अफ वेमा पर्ने जग्गा कित्ताकाट नहुँदा जग्गाधनीहरु ठूलो मारमा पर्दै आएका थिए । जग्गा हुँदाहुँदै पनि बैंकबाट कर्जा लिन नपाउने, व्यवसाय विस्तार गर्न नसक्ने र आपतकालीन अवस्थामा सम्पत्तिको उपयोग गर्न नसक्ने अवस्था थियो । यसअघि प्रसारण लाइनको राइट अफ वेमा जग्गाको केही भागमात्र पर्ने तर, पूरै कित्ताकाट गर्न नमिल्ने अवस्थाका कारण जग्गाधनीलाई आर्थिक तथा सामाजिक समस्या झेल्नुपरेको थियो । कित्ताकाट नहुँदा नामसारी गर्न, बैंकमा धितो राख्न, कर्जा लिन वा जग्गाको कानुनी उपयोग गर्न कठिनाइ हुँदै आएको थियो ।

नयाँ व्यवस्थाले राइट अफ वेमा पर्ने जग्गाको क्षेत्र छुट्याएर कित्ताकाट गर्न सकिने भएपछि जग्गा कारोबार सहज हुने, बैंक तथा वित्तीय पहुँच बढ्ने र जग्गाधनीले आफ्नो सम्पत्तिको कानुनी उपयोग गर्न पाउने अवस्था सिर्जना हुने अपेक्षा गरिएको छ । प्रसारण लाइन निर्माणमा देखिँदै आएको अवरोध घटाउने र ऊर्जा पूर्वाधार विस्तारलाई पनि सहयोग पुग्ने विश्वास गरिएको छ । नेपालमा पछिल्ला वर्षमा ठूला जलविद्युत् आयोजना र उच्चक्षमताका प्रसारण लाइनको निर्माण तीव्ररुपमा अघि बढ्दै आएको छ । तर, प्रसारण लाइन विस्तारका क्रममा जग्गा प्राप्ति, मुआब्जा र राइट अफ वेसम्बन्धी विवादले आयोजना कार्यान्वयनमा ढिलाइ हुँदै आएको थियो । कतिपय स्थानमा स्थानीय जग्गाधनीको असन्तुष्टि र कानुनी जटिलताका कारण आयोजना वर्षौंसम्म अल्झिने अवस्था देखिएको थियो । सरकारले यही समस्यालाई मध्यनजर गर्दै निजी सम्पत्तिको अधिकार संरक्षण र सार्वजनिक हितका पूर्वाधार विकासबीच सन्तुलन कायम गर्ने उद्देश्यले भूउपयोग नियमावली संशोधन गरेको जनाएको छ । यसले एकातर्फ जग्गाधनीलाई आफ्नो जग्गाको कानुनी उपयोग गर्न सहज बनाउनेछ भने अर्कोतर्फ प्रसारण लाइन निर्माणमा देखिने अवरोध पनि घटाउने अपेक्षा गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस १४ गते सोमबार २९ डिसेम्बर २०२५ । दशमी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५५ सूर्यास्त ५:१६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शत्रु वृद्धि | **तुला** | : साझेदारीकार्यमा सफलता |
| **वृष** | : भाग्यबाट सन्तोष | **वृश्चिक** | : वैदेशिक कार्यमा अवरोध |
| **मिथुन** | : ऋणभार बढनाले खिन्नता | **धनु** | : सम्पत्तिबाट लाभ |
| **कर्कट** | : अनावश्यक झंझट | **मकर** | : मांगलिक कार्यमा मन |
| **सिंह** | : गृहकलहमा वृद्धि | **कुम्भ** | : मानसम्मानमा वृद्धि |
| **कन्या** | : आफन्तमा मनोमालिन्य | **मीन** | : आर्थिक हानि |

# बालेन, रवि र कुलमान गठजोडको सैद्धान्तिक पाटो



✍अरूण बराल

अचेल चिया पसलमा समेत सुन्न थालिएको छ- बालेन शाह, रवि लामिछाने र कुलमान घिसिङहरू मिल्नैपर्छ । तीनैजना मिलेर चुनावमा जानुपर्छ अनि नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी जस्ता पुराना दललाई धूलो चटाएर बहुमतको सरकार बनाउनुपर्छ । एउटै नयाँ दल भएर चुनावमा जानुपर्छ, अलग-अलग जानु हुँदैन । बालेन, रवि र कुलमानहरू मिल्नैपर्छ र पार्टी एकता गर्नैपर्छ भनेर मत प्रकट गर्ने एक सर्वसाधारणलाई यस पंक्तिकारले सोध्यो- बहुदलीय व्यवस्थामा यी तीनैजनाले आ-आफ्नै पार्टी बनाएर चुनावमा जाँदा हुँदैन ? जवाफ आयो- आम्मै ! त्यसो गऱ्यो भने त यिनै कांग्रेस एमालेहरूले नै फेरि चुनाव जितिहाल्छन् नि ! एउटै पार्टी बनाएर जानुपर्छ ।

पंक्तिकारले फेरि सोध्यो- त्यसो भए कांग्रेस, एमाले र माओवादीले पनि एउटै पार्टी बनाएर, पार्टी एकता नै गरेर चुनावमा जान सम्भव छ त ? पार्टी भनेको त एउटा निश्चित विचारका आधारमा देशलाई दीर्घकालीन रूपमा अगाडि बढाउनका लागि बन्ने संस्था होइन र ? कि पार्टी भनेको चुनावमा अर्कोलाई हराउने र सत्तामा पुग्ने गणितीय खेलो फड्को मात्रै हो ? एउटा मात्र नयाँ पार्टी खोजिरहेका ती सम्वादकर्ता धेरै बोलेनन् । मनको भाव पोख्दै यत्ति भने- यी ओली, देउवा प्रचण्डहरूलाई जसरी भए पनि हराउनु पऱ्यो सर । यिनीहरूले देश बर्बाद बनाए । आजको मितिसम्म बालेन, रवि र कुलमान घिसिङका आ-आफ्नै पार्टीहरू छन् । ती पार्टीको लक्ष, उद्देश्य र सिद्धान्त के हो ? भोलि चुनाव जितेपछि गर्ने कामहरू के-के हुन् ? उनीहरूको वर्गीय पक्षधरता के हो ?

शासकीय स्वरूप, राज्य प्रणाली र राज्य सञ्चालनको नीति र विधि के हो ? यी प्रश्नहरूमाथि छलफलै नगरी कांग्रेस-एमालेलाई हराउन वा उनीहरूमाथि रिस पोख्नका लागि मात्रै एकता गर्ने हो भने नयाँ गठबन्धनले चुनाव त जित्ला तर जितेपछि के गर्ने ? नयाँ पार्टीले लिने कार्यक्रम र नीतिका विषयमा हामीबीच पर्याप्त छलफल र बहस हुन सकेको देखिँदैन । युवा पुस्तामा यत्तिमात्रै हुटहुटी छ, नयाँहरू मिलुन् र पुरानालाई हराउन् । तर, हराएपछि के गर्ने ? अगाडिको बाटोबारे खासै बहस भएको छैन । बरु, अलमल छ ।

### रवि लामिछानेमाथि प्रश्न

रवि लामिछाने जुझारु क्षमता भएका व्यक्ति हुन् । उनीसँग आँट पनि छ, जोश पनि छ । अचम्मको 'डोपामिन' छ उनीभित्र । उनलाई कार्यकर्ता र समर्थकहरूको बलियो साथ पनि छ । आफ्नो निर्वाचन क्षेत्र चितवनमा उनी ढुक्क छन् । र, अहिलेको परिस्थितिले रविलाई राम्रैसँग साथ पनि दिएको छ । यो अवस्थामा रवि लामिछाने कांग्रेस-एमालेलाई चुनौती दिन सक्ने बलिया पात्र हुन् भन्नेमा शंका छैन । उनी कुलमान, बालेन लगायत धेरै नेताहरूलाई सँगै लिएर अघि बढ्न सक्ने क्षमता राख्छन् । तर, रवि लामिछानेसँग फ्यान फलोअर्स र अवसरहरू मात्र छैनन्, यक्ष प्रश्नहरूको घेराबन्दी पनि छ । रवि लामिछानेलाई पनि धेरै मानिसहरूले पुरानै पार्टीका शीर्षनेता (ओली, देउवा र प्रचण्ड) सँगै राखेर हेरिरहेको अवस्था छ । ०७९ को चुनाव जितेपछि उनले के-के गरे ? सरकारमा जान केपी शर्मा ओलीसँग किन गठबन्धन गरे ? त्यसयता देशका विभिन्न सहकारीमा उनी किन मुछिए ? के यसमा रवि दूधले धोएकै व्यक्ति हुन् ?

के उनलाई ओली सरकारले निराधार आरोप लगाएको हो ? उनलाई विभिन्न अदालतले किन धरौटी राख्न लगाए ? अन्तिममा उनी आफैंले आफ्नो 'भागमा पर्न सक्ने' बिगो तिरेर काराबारबाट निस्किएका हुन् या अदालतले उनलाई सहकारी ठगीमा निर्दोर्षिताको प्रमाणपत्र दिइसकेको हो ? यसरी विभिन्न अदालतमा मुद्दैमुद्दा भएको व्यक्तिमा भोलि भ्रष्टाचारविरुद्ध अभियान चलाउने नैतिक बल कहाँबाट आउँछ ? जीबी राई अहिलेसम्म किन पक्राउ परेका छैनन् ? ग्यालेक्सी टीभीमा कार्यरत पत्रकारको तलब कहिले निकासा हुन्छ ? यस्ता विविध प्रश्नहरूको घेराबन्दीमा छन् रवि लामिछाने । भैरहवा काराबारबाट बिगो जरिवाना तिरेर बाहिर निस्कँदै गर्दा रवि कुनै युद्ध जितेर आएको शैलीमा थिए । चितवन, काठमाडौं लगायतका ठाउँमा उनका भाषण सुन्दा भावावेग र गालीबाहेक केही सुनिएन । उनी नरमरूपमा प्रस्तुत भएनन् । अर्कालाई गाली मात्रै गरे । तर, सहकारीको विषयमा उनी खासै बोलेनन् ।

सहकारी पीडितहरूका बारेमा बोलेनन् । विगतमा आफूले धेरै भूल गरेको थिएँ कि ? आत्मालोचनाको 'आ' सम्म निस्किएन उनको मुखबाट । उनले अदालतप्रति सम्मान गरौं, आलोचना नगरौं भनेर कार्यकर्तालाई भनेनन् । उनमा यस्तो दम्भ देखियो कि मानिलिऊँ उनी अहिल्यै सिकन्दर भइसके । त्यसैले अज्ञात शत्रु खडा गरेर उनले त्यसमाथि हवाइ फायर गरे । के उनको यो प्रस्तुतीले जेनजी पुस्ताबमाट खोजिएको नेताको अभाव पूर्ति होला ? यो बहसको विषय हो । भनिन्छ, प्रेमीसँग शब्द सकियो भने एक अर्कालाई चुम्बन गर्छन्, नेतासँग शब्द सकियो भने अरूलाई गाली गर्छन् । जुन नेतासँग शब्द सकिएको हुँदैन, उसले आफ्नो भाषणमा कसैलाई गाली नगरिकन आगामी दिनमा देशलाई कता लैजाने भन्ने सिर्जनात्मक ढाँचा प्रस्तुत गर्छन् ।

आफ्ना आलोचकहरूलाई गाली गर्न र घृणात्मक अभिव्यक्ति दिनका लागि रवि लामिछाने पनि केपी ओलीभन्दा कम छैनन्, बरू बढ्तै छन् । विपक्षीहरूप्रति उनको व्यवहार लोकतान्त्रिक हुने गरेको छैन । मूल धारको मिडियालाई हेर्ने नजर पनि पूर्वाग्रही छ । '१२ भाइ' को बिल्ला भिराएर पत्रकारितालाई बदनाम गर्ने उनै हुन् । यति मात्र होइन, पार्टी सञ्चालनमा पनि रविमाथि केपी ओलीकै शैली अपनाएको आरोप लाग्ने गरेको छ । मुकुल ढकाल त्यसै भनेर पार्टीबाट निस्किए । पछि, सुमना श्रेष्ठको विद्रोह पनि यही कुरासँग सम्बन्धित छ ।

आफूमाथि मुद्दा लाग्दा परिवारका सदस्यलाई खटाएर पूर्वन्यायाधीश भेट्न लगाई भनसुन गराउने अनि अदालतमा राजनीतिक हस्तक्षेपको भरमग्दुर प्रयास उनले गरेको हुनाले स्वतन्त्र न्यायालयप्रति पनि रविको प्रतिबद्धतामा शंका छ । आफूलाई रिस उठेकै आधारमा मानिसहरू माथि पक्राउ गरेर मुद्दा चलाउने र बदनाम गर्ने प्रकरणमा उनले गृहमन्त्री हुँदा हात हालेको कुरा कैलाश सिरोहियाको गिरफ्तारी प्रकरणबाटै स्पष्ट हुन्छ । जेनजी आन्दोलनको मुल मुद्दा सुशासन, पारदर्शिता र कानूनको शासन स्थापित होस् भन्ने हो । सहकारी ठगीमा अदालतबाट धरौटीमा छुटेको व्यक्तिले पार्टी नेतृत्वको जिम्मेवारी सम्हाल्ने, चुनावमा लड्ने अनि सरकारको नेतृत्व गर्ने भन्न मिल्छ ? कि त्यस्तो स्थितिको मानिसले नैतिकताको आधारमा कुनै पनि जिम्मेवारीमा रहन्न भनेर न्यायालयको अन्तिम फैसला कुर्नुपर्छ ?

यहाँनेर जेनजी आन्दोलनको स्पिरिट र रवि लामिछानेको सक्रियताबीच अन्तरविरोध देखिन्छ । तर, सुशासनको चर्को कुरा गर्दै आफूलाई जेनजी आन्दोलनको अगुवा हुँ भन्ने व्यक्तिले नै जेलमा गएर रवि दाइ भेट्ने, उनको रिहाइका लागि दबाब दिने र अहिले काँधमा बोकेर हिँड्ने प्रवृत्तिले 'जेनजी' समूहतिर पनि प्रश्न तेर्स्याएकै छ । यसरी प्रश्नै प्रश्नको घेरामा परेका रवि लामिछानेले भोलि बहुमत नै ल्याए वा प्रधानमन्त्री नै बनिहाले भने पनि देशमा सुशासन आउला भनेर कसरी विश्वास गर्ने ? आगामी चुनाव रविकै पार्टीले जित्ला, त्यसमा शंका नगरौं । तर, जितेपछि उनले के गर्लान् ? त्यसमा चाहिँ शंका छ । राजनीतिकरूपमा पनि रविको लाइन तरल देखिन्छ । विगतमा उनको दलले प्रदेशसभाको चुनाव नै बहिस्कार गरेको थियो । त्यही कारण आदिवासी, जनजाति, मधेसीलगायत उत्पीडित समुदायले रविमाथि विश्वास गर्न सकेका छैनन् । यही कारण उनको दल मधेसमा अरूतिर भन्दा कमजोर छ ।

आगामी दिनमा संघीय प्रणालीप्रति रविको पार्टीको प्रतिबद्धता रहन्छ कि रहँदैन ? अब उनी 'दक्षिणपन्थ मनपराउने लोकप्रियता'को बाटोतिर लाग्छन् या सीमान्तकृत समुदायलाई विश्वासमा लिएर अघि बढ्छन् ? यहाँनेर पनि रवि लामिछाने दोबाटोमा उभिएको प्रतीत हुन्छ । अब सांसदका उम्मेदारहरू छनोट गर्दा नयाँ दलले पनि पुरानै पार्टीको पारा अपनाउँछन् या नयाँ विधि प्रयोग गर्छन् ? यो पनि हेर्न लायक विषय हो । रास्वपाको झण्डा साथमा राखेर एकजना नेकपा एमाले नेताका सन्तानले अहिलेदेखि नै 'म समानुपातिक उम्मेदवार' भन्दै फेसबुकमा प्रचार गरिरहेको देखिन्छ । 'नेपो बेबी' विरुद्ध आन्दोलन छोडेको जेनजी पुस्ताले चाहेको यही हो त ? के फेरि पनि तरमारा वर्गलाई नै संसदमा पठाउन चाहेको हो ? नयाँतिर लागेर तर मार्न पाइने आशमा धेरैजना अवसरवादीहरू अहिलेदेखि नै लाइनमा उभिइसकेका छन् । अब तिनै अवसर वादीहरूको बुई चढेर संसदमा पुग्दा कस्तो नयाँपन आउला ? त्यो पनि संशयकै विषय छ ।

### बालेन शाहमाथि प्रश्न

काठमाडौं महानगरपालिका मेयर बालेन शाहचाहिँ रवि लामिछानेजस्तो विवादमा नपरेका, अहिलेसम्म आर्थिकरूपमा स्वच्छ छवि भएका व्यक्ति हुन् । उनी अहिलेसम्म कुनै भ्रष्टाचार काण्डमा मुछिएका छैनन् । महानगरमा पनि उनी केही स्वाभावजन्य प्रश्नमा बाहेक विवादमा परेनन् । बरू महानगरमा उनले गरेका कामलाई लिएर जनतामा सन्तुष्टि नै देखिएको छ । कम बोल्ने, अन्तरमुखी स्वाभावका बालेन शाहको छवि राम्रै देखिन्छ । विदेशमा समेत उनको नाम छ । बोलेर भन्दा काम गरेर देखाउनुपर्छ भन्ने उनको शैली देखिन्छ । तर, उनले अहिलेसम्म राजनीतिक दल बनाएका थिएनन् । बालेनले पार्टी खोलून् भन्ने धेरैको चाहना थियो । अहिले आएर उनी राजनीतिमा हाम्फाल्न खोजेको देखिन्छ । बालेनले आफ्नै नेतृत्वमा पार्टी बनाए भने उनले उपत्यका लगायत धेरै ठाउँबाट राम्रो पोजिसन ल्याउने देखिन्छ । तर, उनले आफ्नै खुट्टामा उभिएर पार्टी चलाउँछन् या रवि लामिछानेसँग मिल्छन् भन्ने प्रश्नले नयाँ राजनीतिक प्रश्नहरू जन्माएको छ ।

बालेनसँग आफ्नै दल खोलेर अघि बढ्ने वा देशैभरिका निर्वाचन क्षेत्रहरूमा रवि, कुलमान आदिसँग चुनावी तालमेलमात्रै गर्ने विकल्प पनि नभएको होइन । तर, उनले कुन नीति लिन्छन्, त्यसैले बालेनको आगामी राजनीतिको बाटो तय गर्ने छ । रविसँग मिल्दा बालेन भौतिक हिसाबले शक्तिशाली हुनेछन् । तर, विवादमा परेको व्यक्तिसँग मिलेकोमा उनीमाथि नैतिक प्रश्न पनि उठ्न थाल्ने छ । त्यसका संकेतहरू अहिलेदेखि नै देखिइसकेका छन् । पछिल्लो समय बालेन शाहमाथि केही प्रश्न उठेका छन् । राति सामाजिक सञ्जालमा 'सिंहदरबार जलाइदिन्छु' भनेर लेख्नु, अदालतविरुद्ध पनि बेलाबखत अभिव्यक्तिहरू दिनु, महानगरमा अरूलाई समन्वयन गर्न नसकेको आरोप लाग्नु अनि सम्वाद र सार्वजनिक बहसहरूमा सहभागी हुन नरुचाउनु जस्ता आरोपहरू उनीमाथि लाग्ने गरेका छन् । खासगरी जेनजी आन्दोलन पछि उनका आलोचकहरू बढेका छन् । शायद यही रक्षात्मक पोजिसनले गर्दा उनी रवि लामिछानेसँग सम्झौता गर्न तयार हुन लागेका हुन् ।

यति मात्रै नभएर बालेन शाहको वर्गीय पक्षधरतामाथि पनि तल्लो वर्गले प्रश्न र गुनासो गर्दै आएको छ । उनी जनताका नेता भन्दा पनि साउथ एसियन फिल्मको 'हिरो' जस्तै प्रतीत हुन्छन् । बागमतीका सुकुमबासीलाई बलपूर्वक हटाउन खोजेको उनीमाथि आरोप छ । शायद ०७९ चुनावमा उनलाई बागमती किनारका सुकुमबासीहरूले पनि मत दिएका थिए, तर पनि उनीसँग रिसाए । यसको असर आगामी चुनावमा देशैभरिका सुकुमबासीमा पर्न सक्छ । यो हेर्दा सानो कुराजस्तो देखिन्छ, तर महत्वपूर्ण वर्गीय प्रश्न हो । सुमन सायमीजस्ता काठमाडौंका कोर नेतासमेत बालेनसँग चिढिएको अवस्था छ । सडक विस्तारका क्रममा घर भत्किएकाहरू पनि उनीसँग रिसाएका छन् । तथापि, काठमाडौंमा बालेनको पक्षमा अहिले पनि राम्रो मत छ । विगतमा रवि लामिछाने र बालेनबीच चुनावी सहकार्य भएन । किनभने, बालेन र रविको स्वाभाव पनि मिल्दैनथ्यो, छवि पनि फरक थियो ।

### कुलमान घिसिङको बेग्लै धरातल

कुलमान घिसिङ, रवि लामिछाने र बालेन शाह आपसमा मिल्न लागेको सुन्दा कतिपय प्रश्नहरू जन्मिन्छन् । जस्तो- कुलमानको उज्यालो नेपाल पार्टीमा पूर्वी नेपालको पहिचानवादी टिम पनि मिसिएको छ, डा. महेन्द्र लावतीहरूको नेतृत्वमा । पाथीभरामा पहिचानको आन्दोलनमा सरिक भएको यो समूहले कुलमान घिसिङको नेतृत्वमा पहिचानको मुद्दा अघि बढाउन सकिने ठानेको छ । साथै, देशभरिका आदिवासी जनजातिहरू कुलमानको पार्टीमा जान सक्ने सम्भावना त्यसले दिएको छ । तर, रास्वपासँग गत मध्यावधि चुनावमा इलाममा भएको बहसलाई हेर्ने हो भने पहिचान भर्सेस रास्वपा जस्तो थियो । यहाँनेर प्रश्न उब्जन्छ- रवि र कुलमानको एकताले रास्वपालाई पहिचानवादी बनाउने छ या कुलमान र महेन्द्र लावतीहरूलाई प्रदेशको आलोचक बनाउने छ ? कुन वैचारिक एजेण्डाका आधारमा कुलमानले पूर्वको पहिचानवादी आन्दोलनलाई रवि लामिछानेको रास्वपासँग मिलाउलान् ? अथवा, कुलमानमाथि यो पनि प्रश्न उब्जने छ कि उनी अब उत्पीडित समुदायको मुद्दामा केन्द्रित हुनेछन् या 'दक्षिणपन्थी लोकप्रियतावाद'को बुई चढेको शक्तिसँग सम्झौता गर्न पुग्नेछन् ? कुलमानले आफ्नै खुट्टामा उभिने स्वतन्त्र राजनीतिक दल खोलेर चुनावमा जाने आत्मविश्वास किन लिन सकेनन् ?

कुराकानीको सिलसिलामा एकजना मित्र एक महिना अगाडि यो पंक्तिकारसँग भन्दै थिए, 'नेपालका आदिवासी जनजातिहरूले अहिलेसम्म आफ्नै पार्टीलाई भोट हाल्न पाएका छैनन् । उनीहरूले कहिले कांग्रेस र एमाले त कहिले माओवादीलाई जिताए । तर, यसपालि जनजातिहरूले आफ्नै पार्टीलाई भोट हाल्न पाउने भए ।' यो पंक्तिकारले सोध्यो- कुन पार्टी ? जवाफ आयो- उज्यालो नेपाल पार्टी । के अब आदिवासी-जनजाति एवं पहिचानवादीहरूले रवि लामिछाने र बालेन शाहलाई भोट हालेर चित्त बुझाउनुपर्ने स्थिति आउन लागेको हो ? शायद यसको जवाफ समयले कुलमान घिसिङ र महेन्द्र लावतीहरूसँग खोज्ने छ । पहिचानवादीहरू कुलमानसँग रिसाए भने पूर्वी पहाडमा हर्क साम्पाङ बलियो हुनेछन् ।

अन्त्यमा,

निकट विगतमा पुराना पार्टीहरूबीच विभिन्नखालको गठबन्धन बनेकै हो । कहिले एमाले र माओवादी । कहिले कांग्रेस र माओवादी । कहिले कांग्रेस र एमाले । अनि, कहिले माओवादी-एमाले र रास्वपा । देशलाई चाहिएको जनताको पक्षमा काम गर्ने इमान्दार राजनीतिक दल हो या सत्ताका लागि हुने नयाँ गठजोड ? चुनावमा जनताको मुद्दा र एजेन्डा प्रधान हुन्छ या जीतको दाउपेच ?

*(साभार: अनलाइनखबर)*

# माओको व्यक्तिपूजा र माओवाद पतनको कहानी

✍शंकरनाथ काफ्ले

माओत्से तुङ, लिन पियाओ, माओकी पत्नी चियाङ चिङ र उनका तीन अन्य सहयोगीले मिलेर सन् १९५० र ६० को दशकमा पार्टीका वरिष्ठ नेता पेङ तेहुई , लिउ शाओचि र देङ शियाओ पिङलाई किनारा लगाए । तर, अन्त्यमा सबैजना आफै किनारा लागे । त्यसपछि चीनमा माओवादको पतन भयो । यो लेख यसै विषयमा केन्द्रित छ ।

लिन पियाओ र माओकी पत्नी चियाङ चिङको गुटको नेतृत्व माओ आफैले गरेका थिए । ९ सेप्टेम्बर १९७६ मा माओको मृत्युपछि ६ अक्टोबर १९७६ मा चियाङ चिङ र 'चण्डाल चौकडी' का अन्य तीन नेता गिरफ्तार भए । उनीहरूमाथि मुद्दा चलाइयो । 'चण्डाल चौकडी' का दुई जनालाई मृत्युदण्ड दिइयो । दुईलाई आजीवन कारावास भयो । केही समय पछि मृत्युदण्ड पाएकी चियाङ चिङ र झाङ चुङकियाओको सजाय कम गरेर आजीवन कारावासमा झारियो । आज न त माओत्से तुङ जीवित छन् न त लिन पियाओ । चियाङ चिङ र उनको 'चौगुट' का पनि कोही जीवित छैनन् । तर चीन भने लिउ शाओचि र देङले कोरेको मार्गमा तेज रफ्तारमा अगाडि बढ्दै छ । माओकालमा लिउ शाओ चिलाई 'बुर्जुवा' र 'गद्दार'को आरोपमा राष्ट्रपतिको पदबाट बर्खास्त गरेर आजीवन कारावासमा राखिएको थियो । जेलभित्रै उपचारको अभावमा नोभेम्बर १९६९ मा उनको मृत्यु भएको थियो । देङ शियाओ पिङलाई दुई-दुई पटक पदबाट बर्खास्त गरेर श्रम शिविरमा पठाइएको थियो ।

चीनमा माओवाद पतनको कहानी खासमा सन् १९५९ बाट शुरु भएको देखिन्छ । पतनको कहानीका मुख्य पात्र थिए पेङ तेहुई, लिउ शाओचि, लिन पियाओ र देङ शियाओ पिङ । सन् १९५४ देखि चीनको रक्षामन्त्रीको जिम्मेवारीमा रहेका मार्शल पेङ तेहुईलाई आफ्नो आलोचना गरेबापत् रक्षामन्त्रीको पदबाट माओले सन् १९५९ को अगस्ट मध्यतिर बर्खास्त गरेका थिए । मार्शल पेङ माओका आलोचक हुनु नै उनको बर्खास्तीको मुख्य कारण थियो । उनको बर्खास्तीपछि लिन पियाओलाई सोही वर्ष १५ सेप्टेम्बरमा माओले रक्षामन्त्रीमा नियुक्त गरे । माओका उत्तराधिकारी घोषित लिन पियाओ माओका प्रबल समर्थक थिए ।

माओको सबैभन्दा बढी विश्वासपात्र बन्ने आफ्नो अभियानलाई अगाडि बढाउँदै चिनियाँ जनमुक्ति सेना मातहतको राजनीतिक विभागमार्फत् लिन पियाओले एक अर्ब भन्दा बढी संख्यामा 'माओका कोटेशनको सानो रातो किताब' प्रकाशित गराएका थिए । त्यतिखेर चीनको जनसंख्या मात्र ६० करोड थियो । लिन पियाओ माओको व्यक्तिपूजाका मुख्य स्रोत थिए । लिन पियाओको कथन थियो: मार्क्सवाद लेनिनवादको सार नै 'माओ विचारधारा' हो । 'माओ विचारधारा' अध्ययन गरेपछि मार्क्सवाद र लेनिनवाद अध्ययन गरिरहनु जरुरी छैन । उनको तर्क थियो: 'त्यसै पनि विदेशी नामहरू पढ्न गाह्रो छ र बुझ्न त झनै गाह्रो छ, त्यसैले तपाईंहरुले 'माओ विचार धारा'को अध्ययन गर्नु नै काफी छ ।' उनको अर्को तर्क थियो: 'माओ विचारधाराको अध्ययन गर्ने सबैभन्दा सजिलो तरीका भनेको माओका कोटेसनको 'रातो किताब' पढ्नु हो । यो किताब पढेपछि माओको अरू ठेलीहरू पढ्नै पर्दैन !' आम पार्टी कार्यकर्ताहरूमाझ, विशेषत: सेनामा उनले माओ विचारधाराको महत्त्वबारे यसरी आफ्ना भनाइहरू राख्ने गर्दथे । अर्थात् 'मार्क्स र लेनिन होइन, माओ पढ, त्यसमा पनि माओको कोटेसनको 'रातो किताब' पढ ।'

'रातो किताब' चीनका सबै नागरिकका लागि अनिवार्य गरिएको थियो । कतिसम्म भने 'बुर्जुवा' को आरोपमा गिरफ्तार कुनै नागरिकसँग खोजतलास गर्दा 'रातो किताब' भेटिनुको अर्थ थियो ऊमाथि लागेको बुर्जुवाको आरोपबाट उन्मुक्ति । अर्को शब्दमा भन्दा 'रातो किताब' र माओका उद्धरणहरू चीनमा नागरिकहरू बाँच्नका लागि हावापानी जत्तिकै जरुरी बनाइएका थिए । लिन पियाओको माओलाई देवत्वकरण गर्ने यो एकदमै नौलो 'उद्यम' थियो । सेरेमोनियल पोजिशनमा रहेका चेयरम्यान माओका लागि यो एउटा सुखद अवसर थियो । त्यसैले लिन पियाओको यो 'उद्यम' बाट माओ पनि प्रसन्न थिए । लिन पियाओ माथि उनलाई अपार विश्वास थियो । लिनको कथन थियो: 'माओको एक वाक्य दस हजार वाक्यहरू बराबर हुन्छ ।' उनी भन्थे, 'विश्वमा एक शताब्दीमा एउटा युग पुरुष जन्मिन्छ तर चीनमा एक हजार वर्षमा मात्र एउटा युग पुरुष जन्मिन्छ ।'

महान् सर्वहारा सांस्कृतिक क्रान्ति नाम दिइएको कालखण्ड (सन् १९६६-१९७६) मा माओको व्यक्तिपूजा कुन स्तरको थियो भन्ने जान्न पाठकका लागि तलको उद्धरण चाखलाग्दो हुन सक्छ । यो उद्धरण बधाई सन्देशको एउटा अंश हो जो पेकिङस्थित जनमुक्ति सेनाको ब्यारेकका सैनिकमाझ 'सांस्कृतिक क्रान्ति' शुरु भएपछि खोलिएको 'माओ समर्थक संगठन'का तर्फबाट पठाइएको थियो । त्यस संगठनलाई 'माओ विचार धाराको जीवन्त अध्ययन तथा कार्यान्वयन गर्ने कार्यकर्ता समूह' को नाम दिइएको थियो । सो समूहका तर्फबाट सन् १९६७ मा पठाइएको टेलिग्राम सन्देशको एउटा अंश यस्तो थियो:

'चेयरम्यान माओ ! ओ चेयरम्यान माओ !! तपाई सिंगो पार्टी, सिंगो सेना र हामी सम्पूर्ण जनताका महानतम् नेता हुनुहुन्छ । तपाईं विश्वका सम्पूर्ण सर्वहारा वर्गका महान् गुरु हुनुहुन्छ । तपाई हाम्रो फदयभित्र बस्नुभएको रातोमध्ये पनि सबैभन्दा रातो सूर्य हुनुहुन्छ । तपाईंको प्रेमिल अनुकम्पा सागर भन्दा पनि गहिरो छ । हामीभित्र तपाईंप्रति अपार माया भरिएको छ । एक हजार गीत र दस हजार सुरहरूले पनि हाम्रो तपाईंप्रतिको अगाध न्यानो मायालाई व्यक्त गर्न सक्तैनन् ।

*(साभार: रातोपाटी)*

# शिक्षाले विद्यार्थीमा सीप र रोजगारी सुनिश्चित गर्नुपर्छः मन्त्री डा. देवकोटा




हेटौंडा, १२ पुस/ बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाले वर्तमान शिक्षा प्रणालीमा आमूल परिवर्तनको खाँचो रहेको औंल्याएका छन् ।

हेटौंडा-१९ स्थित निर्मल माध्यमिक विद्यालयको स्वर्ण महोत्सव (५०औँ वार्षिकोत्सव) समापन समारोहलाई सम्बोधन गर्दै मन्त्री देवकोटाले प्रमाणपत्रका लागि मात्र पढ्ने र पढेर पनि बेरोजगार बस्नुपर्ने शिक्षाको अब कुनै सान्दर्भिकता नरहेको बताए । मन्त्री देवकोटाले शिक्षालाई श्रम र रोजगारीसँग जोड्नु पर्नेमा विशेष जोड दिए । 'हामीले विद्यार्थीलाई विद्यालय पठाउने तर, पढेर निस्कँदा रोजगारी नपाउने शिक्षा दिने कि नदिने ? यो आजको मूल प्रश्न हो,' उनले भने, 'अबको शिक्षाले विद्यार्थीको हातमा सीप र मुखमा रोजगारी सुनिश्चित गर्नुपर्छ ।' उच्चशिक्षाका लागि विदेश जाने लहर रोक्न स्वदेशमै रोजगारी सिर्जना गर्ने खालका विषय विद्यालय तहदेखि नै सुरु गर्नुपर्ने उनको धारणा थियो ।

वर्तमान समय सूचना प्रविधिको युग भएको बताउँदै मन्त्री देवकोटाले विद्यालयले अब आर्टिफिसियल इन्टेलिजेन्स (एआई), इन्फर्मेसन टेक्नोलोजी (आईटी) र बीसीएजस्ता अत्याधुनिक विषयको अध्यापन सुरु गर्नुपर्ने बताए । बागमती प्रदेश सरकारले स्थापना गरेको 'बागमती विश्वविद्यालय' र सीटीईभीटीसँगको समन्वयमा यस्ता प्राविधिक शिक्षालाई गाउँगाउँका विद्यालयसम्म पुऱ्याउने लक्ष्य रहेको उनले जानकारी दिए ।

वि.सं. २०३२ सालको कठिन परिस्थितिमा मुठीदान गरेर विद्यालय स्थापना गर्ने संस्थापक, अग्रज र अभिभावकको योगदानको मन्त्री देवकोटाले उच्च प्रशंसा गरे । 'जुन समाजले आफ्ना अग्रणी र अग्रजको सम्मान गर्दैन, त्यो समाजको भविष्य उज्ज्वल हुन सक्दैन,' उनले भने, 'हिजोको पुस्ताले खाएर नखाएर बनाएको जगमा नै आजको सुन्दर विद्यालय उभिएको छ ।' भौतिक पूर्वाधार विकास मन्त्रीका हैसियतले उनले विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक भौतिक संरचना निर्माणमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । विद्यालयलाई राष्ट्रियस्तरमा चिनाउन आवश्यक पर्ने सुविधासम्पन्न हल, कन्फरेन्स रुम र अन्य प्राविधिक पूर्वाधार निर्माणमा प्रदेश सरकारले विशेष प्राथमिकता दिने उनले उद्घोष गरे ।

**शैक्षिकस्तर उकास्न त्रिपक्षीय सहकार्य अनिवार्य : सचेतक श्रेष्ठ**

बागमती प्रदेशका पूर्वमन्त्री तथा नेकपा (एमाले) बागमती प्रदेश संसदीय दलका सचेतक एकालाल श्रेष्ठले विद्यालयको शैक्षिकस्तर उकास्न शिक्षक, अभिभावक र विद्यार्थीबीचको सहकार्य अनिवार्य रहेको बताए । यी तीनै पक्षको साझा प्रयास र मेहनतले मात्रै विद्यालयले अपेक्षित सफलता प्राप्त गर्ने र गुणस्तरीय जनशक्ति उत्पादन हुने उनको भनाइ थियो ।

विशिष्ट अतिथि रहेका श्रेष्ठले विकट पहाडी भेगका स्यार्से र कुवापानीदेखि छिमेकी गाउँपालिका मनहरीसम्मका विद्यार्थीलाई माध्यमिक तहको शिक्षा प्रदान गरेर निर्मल माविले यसक्षेत्रको शैक्षिक विकासमा उल्लेखनीय योगदान दिएको भन्दै प्रशंसा गरे । बागमती प्रदेश सरकारले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर लगानी गरिरहेको जानकारी दिँदै श्रेष्ठले विद्यालयको भौतिक पूर्वाधार, खेलमैदान, तारबार र बगैँचा व्यवस्थापनमा सरकारले सहयोग गर्दै आएको बताए । प्रदेश सरकारको महत्वपूर्ण कार्यक्रम 'स्कुल नर्स' ले विद्यालयको वातावरण थप व्यवस्थित बनाएको उनले उल्लेख गरे ।

**विद्यालय हिजो र भोलिको पुस्ताको बलियो मार्गदर्शनः सांसद पाठक**

बागमती प्रदेशसभा सदस्य भारती पाठकले विद्यालयको ५० वर्षको गौरवमय इतिहास निर्माणमा स्थानीय बासिन्दा र अभिभावकको योगदान अतुलनीय रहेको बताइन् । विद्यालयकी पूर्वविद्यार्थीसमेत रहेकी पाठकले विद्यालय हिजो र भोलिको पुस्ताका लागि एउटा बलियो मार्गदर्शन भएको उल्लेख गरिन् ।

उनले अबको शिक्षा प्रमाणपत्रमुखी मात्र नभई जीवनोपयोगी र स्वरोजगार सिर्जना गर्ने खालको हुनुपर्नेमा जोड दिइन् । विद्यालयलाई आगामी दिनमा प्राविधिक र सीपमूलक शिक्षाको केन्द्र बनाउनुपर्ने उनको भनाइ थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अमृत ओलीको अध्यक्षतामा आयोजित पाँच दिने स्वर्ण महोत्सवको समापन समारोहमा मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, हेटौंडा उपमहानगरपालिका-४ का वडाध्यक्ष नवीन सिग्देल, विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष रामचन्द्र बर्तौला र प्रधानाध्यापक प्रबोध विडारीले मन्तव्य राखेका थिए ।

कैलाशका अध्यक्ष लोकबहादुर मुक्तान, राक्सिराङका अध्यक्ष राजकुमार मल्ल, हेटौंडा-१९ का वडाध्यक्ष नरनाथ सुवेदी, वडा नं. ११ की अध्यक्ष जुना दाहाल, वडा नं. १५ का अध्यक्ष सुनिल मोक्तान, पूर्वविद्यार्थी डा. कृष्णकुमार भेटवाल, पूर्वगाविस अध्यक्ष हरि बहादुर पण्डितलगायत समाजसेवी, अभिभावक र विद्यार्थीको उपस्थिति थियो । विद्यालयले स्थापनाको ५० वर्ष पूरा गरेको अवसरमा पाँच दिनसम्म विभिन्न १६ वटा कार्यक्रम आयोजना गरेको थियो । विद्यालयको आधिकारिक गीत सार्वजनिक, इतिहास झल्कने स्तम्भ अनावरण, 'निर्मल स्मारिका' विमोचन, जिल्लास्तरीय शिक्षक नृत्य प्रतियोगिता, नगरस्तरीय विद्यार्थी हाजिरजवाफ तथा नृत्य प्रतियोगिता, पालिकास्तरीय पुरुष भलिबल, बृहत् रक्तदान, स्वास्थ्य शिविर लगायत कार्यक्रम गरिएको प्रधानाध्यापक विडारीले जानकारी दिए ।

विद्यालयमा योगदान पुऱ्याउने पूर्वशिक्षक, विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष तथा विभिन्न क्षेत्रमा सफलता हासिल गरेका पूर्वविद्यार्थीलाई सम्मान गरिएको थियो । स्वर्ण महोत्सवको उद्घाटन पुस ८ गते बागमती प्रदेश सरकारका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले गरेका थिए ।

# नेकपामा पुराना नेता विरोधदेखि युवा नेता गौतमसम्म सिफारिस




साझाकुरा संवाददाता

हेटौंडा, १२ पुस/नेपाली कम्युनिस्ट पार्टीबाट मकवानपुरको क्षेत्र नं. १ का लागि पुराना नेता विरोध खतिवडादेखि युवा नेता विजय गौतमसम्म सिफारिस भएका छन् ।

खतिवडा विगतमा पटकपटक सांसद भएका नेता हुन् भने गौतम साविक नेकपा (माओवादी केन्द्र) का जिल्ला इन्चार्ज हुन् । पूर्वसांसद खतिवडाको क्षेत्र नं २ मा सिफारिस भएको छ । क्षेत्र नं. १ वाट बहालवाला जनप्रतिनिधि सहित १३ जना र क्षेत्र नं. २ मा बहालवाला जनप्रतिनिधि ८ जनाको नाम आसन्न प्रतिनिधिसभा निर्वाचनको उम्मेदवारमा सिफारिस भएको छ । मकवानपुर क्षेत्र नं. १ वाट सिफारिस हुनेमा विरोध खतिवडा, विजय गौतम, घनप्रसाद गौतम, प्रल्हाद लामिछाने, भीम पाखिन, सोमबहादुर थिङ, किशोर टण्डन, शुभरत्न गोले, सूर्यकला तिमल्सिना, बीरबहादुर थिङ रहेका छन् ।

सिफारिस हुनेमा बहालवाला प्रदेशसभा सदस्य प्रेम बहादुर पुलामी, बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान र जिल्ला समन्वय प्रमुख ललित घलान रहेका छन् । त्यसैगरी मकवानपुर क्षेत्र नं. २ मा विरोध खतिवडा, रामनारायण बिडारी, बीरबहादुर घलान, लवशेर बिष्ट, सागर उप्रेती, किशोर बर्तौलाको नाम सिफारिस छ । त्यस्तै शिफारिस हुने अन्यमा बहालवाला प्रदेशसभा सदस्य कुमारी मोक्तान, राक्सिराङ गाउँपालिका उपाध्यक्ष बनस्थम् थिङ समेतको नाम रहेको छ ।

यसैगरी समानुपातिकतर्फ मुनु सिग्देल, प्रमिला लामा पुलामी, लक्ष्मी पाखिन, राममाया पाखिन, अप्सरा लोप्चन, गोकुल बैजु, कल्पना विश्वकर्मा, विज्ञान स्याङ्तान शिफारिस भएका छन् । समानुपातिकतर्फ बिभिन्न क्लस्टर अन्तर्गत सिफारिस हुने अन्यमा कृष्ण चेपाङ, रामेशकुमार राईदनुवार, रामचन्द्र बल, जीवन लामा, सन्तोषकुमार तामाङ, बालकृष्ण चौलागाई, रामहरि सुवेदी, कृष्णप्रसाद चौलागाई र कृष्ण घिमिरे रहेका छन् । आसन्न राष्ट्रियसभाको निर्वाचनको लागि तारानाथ खतिवडा, बिष्णुमाया लामा र दिलबहादुर स्याङ्बोको नाम सिफारिस भएको छ ।

# सिद्धार्थ माविले स्वर्ण जयन्ती मनाउँदै



साझाकुरा संवाददाता

हेटौंडा, १२ पुस/हेटौंडा उपमहानगरपालिका-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयले स्थापनाको ५० औं वर्षको अवसरमा स्वर्ण जयन्ती मनाउने भएको छ ।

आगामी माघ २ गतेदेखि ८ गतेसम्ममा विविध कार्यक्रमको आयोजना गरी स्वर्ण जयन्ती मनाउने भएको हो । स्वर्ण जयन्तीको तयारीको क्रममा विद्यालयले शनिबार विद्यालयको हलमा पूर्वविद्यार्थी, शिक्षक र कर्मचारीसँग छलफल गरेको छ । छलफलमा स्वर्ण जयन्ती समारोहमा विद्यालयसँग विगत र वर्तमानमा जोडिएका सबै पक्षलाई समेट्दै अपनत्व महशुस गर्ने गरी मनाउन र विद्यालयको भावी दीर्घकालीन योजनाको खाका बनाउन सहभागीहरुले सुझाएका थिए ।

पूर्वविद्यार्थी एवं बागमती प्रदेश सरकारका पूर्वमन्त्री एकालाल श्रेष्ठले सिद्धार्थ मावि यस क्षेत्रकै गौरवको शैक्षिक संस्था भएको भन्दै स्वर्ण जयन्ती समारोह स्मरणीय बनाउन सबैको सहयोग र सहकार्य आवश्यक भएको बताए । कार्यक्रममा विद्यालयका प्रधानाध्याक परमानन्द सरोज कर्णले स्वर्ण जयन्तीका अवसरमा आयोजना गरिने कार्यक्रमको बारेमा जानकारी गराएका थिए ।

स्वर्ण जयन्ती आयोजक मूल समारोह समितिका संयोजक एवं हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ का वडाध्यक्ष विष्णुगोपाल महर्जनको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालय सञ्चालक समितिका पूर्वअध्यक्ष एवं नारायाणी यातायात व्यवसायी संघका अध्यक्ष हीरालाल श्रेष्ठ, पूर्वविद्यार्थी एवं मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाट, विद्यालयका सहायक प्रधानाध्यमक रामशरण अधिकारी, विद्यालयको पूर्वप्रधानाध्यपक मोहन शर्मालगायत पूर्वविद्यार्थी, पूर्वशिक्षक, पूर्वकर्मचारीले स्वर्ण जन्यती समारोह मनाउने सन्दर्भमा सुझाव सहित धारणा राखेका थिए ।

# बाख्रापालन तथा व्यवस्थापन तालिम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १२ पुस/कृषि तथा वनविज्ञान विश्वविद्यालय, अनुसन्धान तथा प्रसार निर्देशनालय, कृषि विज्ञान केन्द्र पालुङको आयोजनामा कृषकको सीप तथा प्राविधिक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले बाखापालन तथा व्यवस्थापनसम्बन्धी दुई दिने तालिम सुरु भएको छ ।

कृषि तथा वनविज्ञान विश्वविद्यालय, अनुसन्धान तथा प्रसार निर्देशनालय, रामपुर चितवनको आयोजना तथा नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) अन्तर्गत राष्ट्रिय पशु प्रजनन तथा आनुवंशिक अनुसन्धान केन्द्र, खुमलटार ललितपुरको सहकार्यमा सञ्चालन भएको तालिम थाहा नगरपालिका-१, ओखरबजारस्थित कृषि विज्ञान केन्द्रको सभाहलमा गरिएको हो ।

तालिम थाहा नगर पालिका वडा नं. १, ४ र ५ का पशुपालक कृषकलाई लक्षित गरी आयोजना गरिएको हो । बाखापालनमा देखिने समस्या, वैज्ञानिक व्यवस्थापन, रोग नियन्त्रण, पोषण व्यवस्थापन, प्रजनन प्रविधि तथा उत्पादन वृद्धि सम्बन्धी विषयमा सहभागी कृषकलाई व्यवहारिक र प्राविधिक जानकारी प्रदान गरिने आयोजकले जनाएको छ ।

तालिममा कृषि तथा वनविज्ञान विश्वविद्यालय, अनुसन्धान तथा प्रसार निर्देशनालयका निर्देशक प्राध्यापक डा. निराजन भट्टराईको विशेष उपस्थित थियो । कार्यक्रममा नार्कअन्तर्गत पशु तथा मत्स्य अनुसन्धान निर्देशनालयकी निर्देशक एवं प्रमुख वैज्ञानिक डा. नीना अमात्य गोर्खाली, वैज्ञानिक डा. सरोज सापकोटा तथा बरिष्ठ प्राविधिक अधिकृत भोजराज पोखेलले सहजीकरण गर्नेछन् ।

आयोजकका अनुसार, यस किसिमका तालिमले स्थानीय कृषकको उत्पादनक्षमता बढाउनुका साथै व्यावसायिक पशुपालनतर्फ आकर्षित गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ ।

# कुलेखानी सेवा केन्द्रको ५ औं इकाई भेला सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, १२ पुस/ दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्थाको सदस्य सेवाकेन्द्र कुलेखानीको पाँचौ इकाई भेला शनिबार सम्पन्न भएको छ ।

इन्द्रसरोवर गाउँपालिका-२ मा रहेको कुलेखानी सदस्य सेवा केन्द्रको संयोजक निर्मला रुम्बाको अध्यक्षतामा भएको कार्यक्रममा दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्थाका सचिव ईश्वर पण्डितको प्रमुख आतिथ्यता रहेको थियो । वार्षिक साधारणसभाको तयारी गरि रहेको संस्थाले आफ्नो मातहतमा रहेका सेवाकेन्द्रको भेला गरिरहेको प्रमुखअतिथि पण्डितले जानकारी दिए ।

सहकारीप्रति सदस्यमा बढिरहेको वितृष्णा हटाउँदै र भ्रम चिर्दै सहकारी संस्था अघि बढ्नुपर्ने उनको भनाई थियो । देशमा भएको आर्थिकमन्दिको प्रभाव सहकारी संस्थालाई पनि परिरहेको बताउँदै उनले जुन प्रयोजनको लागि ऋण लिइएको हो त्यही प्रयोजनमा मात्र लगाउनको लागि सदस्यलाई सुझाव दिए ।

कार्यक्रममा सहकारीले विभिन्न व्यक्तिलाई सम्मान गरेको छ । उत्कृष्ठ दैनिक बचततर्फ समिता डंगोल, उत्कृष्ठ मासिक बचततर्फ अजय भ्लोन, खुत्रुके बचततर्फ र सिमका नगरकोटी र उत्कृष्ठ ऋणीमा किरोज बलामीलाई सम्मान गरिएको सदस्य सेवाकेन्द्र कुलेखानीको संयोजक निर्मला रुम्बाले जानकारी दिइन् ।

कार्यक्रममा सहकारी सस्थाका शेयर सदस्यलगायत स्थानीय संघसंस्थाका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

# 'कल्ली'को टिजरमा मान्छेभित्रको देउता र राक्षसीपनको कथा

काठमाडौं/लक्ष्मण सुनारको निर्देशनमा बनेको फिल्म 'कल्ली'को टिजर सार्वजनिक गरिएको छ । २ मिनेट लामो टिजरले फिल्मको कथा, सेटिङ र भावनात्मक



तनावको झलक प्रस्तुत गर्दै मान्छेभित्रको देउता र राक्षसीपनको द्वन्द्वलाई उजागर गरेको छ । मान्छेले आफूभित्रको देउतालाई मारेर राक्षसलाई ब्यूँताएपछि उत्पन्न हुने परिस्थितिको कथा टिजरमा देख्न सकिन्छ ।

पौराणिक कथाको झलक दिने टिजरमा सौगात मल्ललाई राक्षसको वध गर्ने योद्धाको रूपमा चित्रित गरिएको छ भने, बेनिशा हमालको रौद्र रुपले दर्शकलाई उनको पात्रको शक्ति र भावनात्मक गहिराइ अनुभव गराउँछ । उनको सशक्त उपस्थितिले कथामा रहस्यमय मोड ल्याएको देखिन्छ । टिजरका दृश्यलाई पृष्ठभूमि संगीतले अझ जीवन्त बनाएको छ ।

महाशिवरात्रिको छेको पारेर फागुन १ गतेबाट प्रदर्शनमा आउन लागेको यस फिल्ममा सौगात र बेनिशासहित उत्तम प्रधान, अर्पण थापा, सुलक्षण भारती, नाजिर हुसेन, वर्षा राउत, परिक्षा लिम्बू, बेगम नेपाली, विनोद न्यौपाने, रेयर राई, प्रियना आचार्य, अर्जुन गुरुङ (भँगेरी), सन्जोक राणा, गीता अधिकारी लगायतको पनि अभिनय रहेको छ । किरण नेपाली फिल्मका निर्माता हुन् ।

निसाल पौडेलको छायांकन तथा महेश दवाडीको लेखन रहेको फिल्ममा मिलन श्रेष्ठको सम्पादन, आशिष अविरल, सरित राई र केतन क्षेत्रीको संगीत तथा एनवी महर्जनको द्वन्द्व निर्देशन छ । फिल्मलाई भारत र पाकिस्तानमा पनि प्रदर्शन गर्ने तयारी गरिएको छ । त्यसका लागि फिल्मको हिन्दी भाषामा डबिङको काम भइरहेको जनाइएको छ ।

**Account सम्बन्धी काम गर्ने २ जना कर्मचारी आवश्यकता**

हेटौंडा बजारमा निम्न अनुसारको कर्मचारी आवश्यता भएको इच्छुकले सम्पर्क राख्नुहोला।

१. उमेर : ३० वर्ष पूरा भएको ।
२. महिला : १ जना, पुरुषः १ जना
३. कम्प्युटरमा हिसाब राख्न सक्ने अनुभवीलाई प्राथमिकता ।
४. अडिटर अफिस वा अन्य कुनै ठाउँमा Account सम्बन्धी अनुभव भएकालागि प्राथमिकता
५. तलब इन्टरभ्यू अनुसार तोकिनेछ ।

**सम्पर्क नं. ९८५५०६९९०५**

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"रगत र रक्त-तत्वहरूको आवश्यक्ता पूर्ति गर्ने एकमात्र माध्यम् केवल रक्तदान, यहि आवश्यक्तालाई पूर्ती गर्न गरौं हामी सबले सर्वत्र नियमित रक्तदान ।"
"The only way out to fulfill all needs of blood and blood components is regular blood donation by all of us everywhere regularly. Let's do it."

**नेपाल स्वयंसेवी रक्तदाता समाज**
**NEPAL VOLUNTARY BLOOD DONORS'SOCIETY**
हेटौंडा नगर समिति

**खुल्ला रक्तदान कार्यक्रम**

मितिः २०८२ पौष १३ गते, आइतबार
स्थानः हेटौंडा-४, शितल महल चोक
समयः विहान ८:०० बजे

# निर्वाचनको पक्षमा कांग्रेस प्रतिबद्धः सहमहामन्त्री डीना

साझाकुरा संवाददाता

हेटौंडा, १२ पुस/नेपाली कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डना'ले फागुन २१ गते हुने भनिएको संसदीय निर्वाचनको पक्षमा नेपाली काँग्रेसको प्रतिबद्धता रहेको बताएकी छिन् ।

आसन्न संसदीय निर्वाचनको विषयमा कुरा गर्दै उपाध्याय 'डना'ले यस्तो बताएकी हुन् । देशलाई निकास दिनका लागि निर्वाचन गर्नुपर्छ भन्ने काँग्रेसको नीतिगत निर्णय भएको स्पष्ट पार्दै उनले भनिन्, 'अहिलेको सरकारले निर्वाचन गर्ने पक्षमा हाम्रो प्रतिबद्धता छ । निर्वाचन गर्नुपर्छ भन्ने काँग्रेसको निर्णय हो । काँग्रेसको नीतिगत निर्णय र हाम्रो कमिटमेन्ट जारी छ । तर, सरकारले गर्न सक्छ कि सक्दैन ?' सहमहामन्त्री उपाध्यायले निर्वाचन हुन नसकेको खण्डमा विघटित संसद पुनर्स्थापना हुन सक्ने सम्भावनालाई नकारिनन् । उनले निर्वाचन भएन भने देश भ्याकुमको अवस्थामा जान सक्ने



खतरालाई आंकलन गर्दै त्यसबाट देशलाई जोगाउन काँग्रेसका तर्फबाट प्रतिनिधित्व गरेका विघटित प्रतिनिधिसभाका केही पूर्व सदस्यले हस्ताक्षर संकलन गरेको र त्यस कार्यलाई पार्टीले अन्यथा नलिएको प्रस्ट पारिन् ।

हस्ताक्षर संकलनका सम्बन्धमा उनले भनिन्, 'भोलि देश भ्याकुमको अवस्थामा नजाओस् भन्नका लागि साथीहरुले जुन अहिले हस्ताक्षर गर्नु भो, त्यसलाई हामीले अन्यथा सम्झेका छैनौं । भोलि परिस्थितिले त्यो ठाँउमा ल्यायो भने काँग्रेसले त्यो बाटो पनि जान सक्नुपर्छ है भन्ने साथीहरुको बिचारलाई हामीले समर्थन गरेको हो । तर, निर्णय हाम्रो निर्वाचन नै हो ।'

सहमहामन्त्री उपाध्यायले नेपाली काँग्रेसको महाधिवेशन विधानअनुसार बढाइएको समयावधि भित्रै हुने बताइन् । त्यसका लागि काँग्रेस आवश्यक कार्यमा जुटिरहेको र निर्वाचन कार्यतालिका अनुसार पौष १३ र १४ भित्र समानुपातिक उमेदवारको बन्दसूचि निर्वाचन आयोगमा बुझाइसक्नु पर्ने भएकाले त्यही कार्यमा काँग्रेस जुटिरहेको उनले बताइन् ।

पार्टी महाधिवेशनको तयारीका सम्बन्धमा उनले पार्टीको क्रियाशील सदस्यको नवीकरण कार्य लगभग सकिसकेको र नयाँ क्रियाशील सदस्यताको सवालमा क्रमसंख्या छुटेका कारण टुंग्याउन समस्या भएको बताइन् । सहमहामन्त्री उपाध्यायले क्रियाशील सदस्यताको विषय टुंग्याउन थप कार्य गर्नुपर्ने भएकाले पूर्वनिर्धारित महाधिवेशन कार्यतालिकामा केही हेरफेर हुनसक्ने सम्भावना रहेको बताइन् । देशमा जेनजी आन्दोलन पछि उब्जिएको विशेष परिस्थिति र पार्टीको महाधिवेशनलाई बैठकको प्रमुख एजेण्डा बनाएर गत असोज २८ बाट पार्टीको केन्द्रीय समितिको बैठक प्रारम्भ भएको थियो ।

नियमित महाधिवेशन गर्ने कि विशेष महाधिवेशन गर्ने भन्नेमा विवाद भएका कारण बैठक अनिर्णयको बन्दी बनिरहेको थियो । अन्ततः गत मङ्सिर १५ गते काँग्रेङ्सको केन्द्रीय कार्यसमितिले पार्टीको विधानअनुसार सबै संरचनाको म्याद आगामी माघ मसान्तसम्म बढाउदै आगामी पुस २६, २७ र २८ गते नियमित महाधिवेशन गर्ने निर्णय गरेको थियो ।

# राक्सिराङ गाउँपालिकाको हिउँदे अधिवेशन पुस २३ मा

साझाकुरा संवाददाता

हेटौंडा, १२ पुस/ मकवानपुरको राक्सीराङ गाउँपालिकाले गाउँसभाको उन्नाइसौँ (हिउँदे) अधिवेशन आह्वान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ (२) बमोजिम गाउँपालिकाले पुस २३ गते बुधबार बिहान ११ बजे गाउँपालिकाको कार्यालय, चैनपुरको सभाहलमा अधिवेशन बस्ने जनाएको हो ।



अधिवेशनको प्रारम्भिक सत्रसँगै राक्सिराङ गाउँपालिकाको नवनिर्मित प्रशासनिक भवनको उद्घाटन गरिने पालिका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँबाट उद्घाटन हुने कार्यक्रम तय गरिएको उनले बताए । अधिवेशनमा चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा, आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजन ऐन, बजेट तथा कार्यक्रम संशोधन, न्यायिक समितिको प्रतिवेदन, आगामी आर्थिक वर्षसम्मका लागि गाउँपालिकाको कर तथा शुल्क नियमित गर्ने विषय र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकजस्ता महत्वपूर्ण एजेन्डामा छलफल हुने जनाइएको छ ।

गाउँपालिकाले अधिवेशनको निर्धारित मिति, समय र स्थानमा अनिवार्य उपस्थितिका लागि गाउँसभा सदस्यलाई अनुरोध गरेको छ । मक्वानपुर जिल्लाकै विकट गाउँपालिकाको केन्द्र रहेको चैनपुरमा करिब ७ कठ्ठा जमिनमा ६ करोड ४२ लाखको लागतमा चारतले ४३ कोठे भवन निर्माण गरिएको छ । भवनको २०७८ असारमा जयमाता इन्जिनियरिङ निर्माण कम्पनीले निर्माणकार्य सुरु गरेको थियो । सम्झौताअनुसार २०८२ असार मसान्तसम्म निर्माणकार्य सकिसक्नुपर्ने भएपनि ४ महिना ढिलो गरी भवन निर्माणकार्य सम्पन्न भएको हो ।

